म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ४९ २०८० पुस २१ गते शनिबार 6 January 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

ग्राहक वर्गमा हार्दिक अनुरोध

विद्युत सम्बन्धी कुनै पनि गुनासो वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाईन नम्बर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिची जानकारी गराउनुहोस् । हामी तपाईको समस्या समाधान गर्न २४ सै घण्टा समर्पित रहनेछौं ।

नेपाल विद्युत प्राधिकरण
बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौंडा

एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको छ । बिहीबार प्रदेशको चितवन, सिन्धुली र सिन्धुपाल्चोक जिल्लामा ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, बेलचोकमा आश्रममा आश्रित एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भरतपुर-६, दिव्यनगरस्थित ब्रह्मदेब चोक घर बताउने ६० वर्षीय राजकुमार गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ । गुरुङलाई पुस १२ गते उद्दार गरी मानवसेवा आश्रममा राखिएकोमा बिहीबार मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको कालिका नगरपालिका-१ मा रुखबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा संगमटोलका ५४ वर्षीय दीर्घबहादुर केसी रहेको प्रहरीले जानकारी दिएको छ। केसी बिहीबार दिउँसो १ बजेको समयमा चतुर्मुखी सामुदायिक वनमा भेलदारको रुखबाट घाँस काट्ने क्रममा लडी घाइते भएका थिए । घाइते केसीलाई उपचारका लागि सरकारी अस्पताल भरतपुर लगिएकोमा उपचारको क्रममा ३ बजेर २५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाको घ्याङ्लेख गाउँपालिका-१, अमलेमा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ६५ वर्षीय कर्ण सिंह लो रहेको प्रहरीले जानकारी दिएको छ। बिहीबार लो कच्ची सडकको भिरबाट ७५ फिट तल लडी घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-२, निँगुगाउँमा सुतेको ठाँउमा एक जना मृत फेला पर ेका छन् । मृत फेला पर्नेमा ४२ वर्षीया सानुकान्छी तामाङ रहेको प्रहरीले जानकार ी दिएको छ । तामाङ बुधबार बेलुका खाना खाएर सुतेकामा बिहीबार बिहान ८ बजेको समयमा मृत फेला परेकी थिइन् । तामाङको श्रीमान ५३ वर्षीय वीरबहादुर तामाङ र ४ दिनको बच्चालाई उपचार का लागि भोटेचौर स्वास्थ चौकीमा लगिएकामा दुबैको अवस्था सामान्य र हेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि नगर अस्पताल मेलम्ची लगिएको छ ।

आगलागीबाट २ लाख बराबरको क्षति

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-४, लम्कना बिचटोलमा विजुली सर्ट भई आगलागी हुँदा २ लाख बराबरको क्षति भएको छ । बिहीबार दिउँसो २ बजेको समयमा स्थानीय ३० वर्षीय नारायण फेवाली मगरको घरमा आगलागि भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आगलागीबाट मगरको काठ र फुसको छानो भएको १ तले कच्ची घर भित्र रहेका लत्ताकपडा, अन्नपात, भाँडावर्तन र काठहरु जलेर पूर्णरुपमा नष्ट भएका थियो । स्थानीय र प्रहरीको सहयोगमा दिउँसो ३ बजेर ५० मिनेटको समयमा आगो नियन्त्रणमा लिएको थियो। आगलागीबाट मानवीय र चौपाया क्षति नभएको प्रहरीले जानकारी दिएको छ।

हेटौंडा उपमहानगर कार्यपालिका बैठक

बैठककै दिन निर्णय सार्वजनिक


हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

३७ औं कार्यपालिका बैठकका निर्णयहरु:

१.) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।
२.) आ.व. २०८०/०८१ को वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेटको संशोधित अनुमानको प्रस्ताव माथि छलफल गरी स्वीकृतीका लागि १४ औं नगर सभामा पेश गर्ने ।
३.) देहाय बमोजिमका ऐन निर्माण तथा संशोधनको लागि नगर सभामा पेश गर्ने:
(क) हेटौंडा उपमहानगरपालिका वन ऐन, २०८०,
(ख) हेटौंडा उपमहानगरपालिका संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८०,
(ग) हेटौंडा उपमहानगरपालिका आर्थिक ऐन, २०८० को पहिलो संशोधन ऐन, २०८०,
(घ) हेटौंडा उपमहानगरपालिका विनियोजन ऐन, २०८० को पहिलो संशोधन ऐन, २०८०,
(ङ) हेटौंडा उपमहानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को पहिलो संशोधन ऐन, २०८० ।
४.) UCLG (United Cities and Local Government Asia Pacific) को सदस्यता लिने प्रक्रिया अगाडि बढाउने ।
५.) लेखा समितिको प्रतिवेदनमाथि छलफल गरी प्रस्तावको रुपमा नगरसभा समक्ष पेश गर्ने ।

०।९।२०
सविन न्यौपाने
प्रवक्ता
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिका

मिति २०८०/०९/२०

samridd

नगर कार्यपालिका बैठकका निर्णयहरु ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले कार्यपालिका बैठकको निर्णय दोस्रो पटक शुक्रबार पनि सार्वजनिक भएको छ । नगरसभाको अघिल्लो दिन शुक्रबार बिहान बसेको बैठकको निर्णय शुक्रबार साँझ सार्वजनिक गरिएको हो । बैठक बसेकै दिन निर्णय सार्वजनिक भएको सम्भवतः यो पहिलो पटक हो । कार्यपालिकाको बैठक सार्वजनिक भएको भने यो दोस्रो पटक हो । २०७९ सालमा सम्पन्न स्थानीय तह निर्वाचनपछि हेटौंडा उपमहानगर पालिकाले कार्यपालिका बैठक सार्वजनिक गर्ने गरेको थिएन । तीव्र आलोचनापछि पुस ६ गते बसेको कार्यपालिका बैठक सार्वजनिक भएको थियो । पुस ६ गते बसेको कार्यपालिकाको बैठक पुस ८ गते मात्रै सार्वजनिक गरिएको थियो ।

शुक्रबारको कार्यपालिका बैठकले ५ वटा बुँदमा निर्णय गरेको छ । पहिलो बुँदामा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयको कार्यान्वयनको समीक्षा गरिएको उल्लेख गरेको छ भने दोस्रो बुँदामा चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेटको संशोधित अनुमानको प्रस्ताव स्वीकृतिका लागि १४औं नगरसभामा पेश गर्ने निर्णय गरेको छ । तेस्रो बुँदामा ऐन निर्माण तथा संशोधन गर्ने निर्णयअन्तर्गत उपमहानगरले वन ऐन २०८०, संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन २०८०, आर्थिक ऐन २०८० को पहिलो संशोधन ऐन २०८०, विनियोजन ऐन २०८० को पहिलो संशोधन २०८० र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५ को पहिलो संशोधन ऐन २०८० नगर सभामा पेश गर्ने निर्णय गरेको छ ।

यस्तै एसिया प्यासिफिक एकीकृत सहर र स्थानीय सरकारको सदस्यता प्रक्रिया अगाडि बढाउने निर्णयसँगै लेखा समितिको प्रतिवेदनमाथि छलफल गरी प्रस्तावको रुपमा नगरसभामा पेश गर्ने निर्णय गरेको छ । हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपानेको हस्ताक्षरमा निर्णय सार्वजनिक गरिएको हो । हेटौंडा उपमहानगरपालिकाले हिउँदे अधिवेशनको रुपमा १४ औं नगर सभा शनिबार हेटौंडा-१८, हर्नामाडीमा आयोजना हुँदैछ ।

राष्ट्रिय सभा निर्वाचनः मतदाता नामावली प्रकाशन

समाज संवाददाता

हेटौंडाः आगामी माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनका लागि बागमती प्रदेशका मतदाताको नामावली प्रकाशन भएको छ। शुक्रबार निर्वाचन अधिकृतको कार्यालय मकवानपुरले बागमती प्रदेश सभाका ११० जना प्रदेश सभा सदस्य र बागमती प्रदेशका पालिका प्रमुख, उपप्रमुख दुइ सय ३७ जनाको नामावली प्रकाशन गरेको हो ।

राष्ट्रिय सभा निर्वाचन ऐन २०७५ को दफा ४, उपदफा ३ एवम् राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली २०७७ को नियम ९ बमोजिम रहेर निर्वाचन आयोगले मतदाता नामावली प्रकाशन गरेको हो । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष गरी २३८ जनाले मतदान गर्न पाउनेमा दोलखा जिल्लाको गौरीशंकर गाउँपालिकाका उपाध्यक्षको मृत्यु भएकोले पद रिक्त भएपछि निर्वाचन कार्यालयले २३७ जनाको नामावली प्रकाशन गरेको हो । मतदाता नामावली उपर कसैको उजुरी नपरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। राष्ट्रिय सभामा रिक्त भएका १९ जना मध्ये बागमती प्रदेशबाट निर्वाचित ४ जना छन्। आगामी माघ ११ गते ४ जना राष्ट्रिय सभा सदस्य चयनका लागि निर्वाचन हुनेछ। निर्वाचनमा ३ सय ४७ जनाले मतदान गर्नेछन् ।

पुस २१ गते शनिबार र पुस २२ गते आइतबार निवेदन तथा उजुरीको छानविन र कारबाही गर्ने कार्यतालिका रहेको छ। पुस २२ गते आइतबार अन्तिम मतदाता नामावली प्रकाशन गर्ने, पुस २३ गते सोमबार उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गरिने जनाएको छ । यस्तै पुस २४ गते मंगलबार उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २५ गते बुधबार र पुस २६ गते बिहिबार उजुरी माथि जाँचबुझ गरी निर्णय गर्नेछ। पौष २६ गते उम्मेदवारको नामावली प्रकाशन, पुस २७ गते उम्म्देवारले नाम फिर्ता लिने र अन्तिम नामावली प्रकाशन गर्नेछ। मंसिर २८ गते उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने छ ।

मकवानपुर उद्योग वाणिज्य संघको
वार्षिक सभा सम्बन्धी सूचना

यस संघको ५७औं वार्षिक साधारण सभा आज मिति २०८० पौष २१ गते शनिबार बिहान ८ बजेबाट पल्पसा सदन, हेटौंडा-२ मा आयोजना हुने भएकाले संघमा का सदस्यहरुको उपस्थितिको लागि सादर निमन्त्रणा गर्दछौं ।

मकवानपुर उद्योग वाणिज्य संघ
हेटौंडा, मकवानपुर

आवश्यकता !! आवश्यकता !!

हेटौडा–०१ मकवानपुर स्थित एक प्रतिष्ठित हस्पिटलका लागि
१. सुपरभाइजर/हाउसकिपिङ्ग - १ जना
(पुरुष/महिला – १ वर्ष अनुभव – न्युनतम +२ पास)
२. क्लिनर/हाउसकिपिङ्ग - ३० जना
(पुरुष/महिला)
(उमेर १८ वर्षदेखी ३५ वर्ष नकाटेको हुनुपर्ने)
फुलटाईम
नोटः आकर्षक तलब सहित
सम्पर्कः ईजी फ्यासिलिटिज प्रा.लि
९७०४७०२६००, ९८४६२६२७६१

थाहा नगरको फोटो हेटौंडामा प्रदर्शन

समाज संवाददाता

हेटौंडाः थाहा नगरपालिकाको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको सहयोगमा पर्यटन प्रवर्द्धनका लागि २ दिने थाहा पर्यटकीय फोटो प्रदर्शनी हेटौंडामा सुरु भएको छ । शुक्रबार हेटौंडा-१०, बुद्धचोकमा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाले फोटो प्रदर्शनीको उद्घाटन गर्नुभयो । प्रदर्शनीमा स्थानीय फोटोग्राफरले गणेश विष्ट, रामकुमार कार्की, श्रीकृष्ण श्रेष्ठ, कृष्ण अधिकारी, सुरजकुमार भुजेल, गोपाल पाठक, शम्भु अधिकारीलगायतले खिचेका ६५ वटा तस्वीर प्रदर्शनीमा राखिएको छ।

थाहा नगरपालिकाको प्रमुख पर्यटकीय स्थलहरुको फोटो प्रदर्शन गरी पर्यटन प्रवर्द्धन गर्न सहयोग पुग्ने उद्देश्य आयोजकको छ। फोटो प्रदर्शनी शनिबारसम्म चल्नेछ । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख लामाले पर्यटकीय क्षेत्रको प्रचार गर्न थाहाबाट सिक्न आवश्यक रहेको बताउनुभयो। हेटौंडा उपमहानगरपालिका बागमती प्रदेशको राजधानी भएकाले समग्र क्षेत्रको विकासमा हेटौंडा उपमहानगर पालिकाले हेर्ने बताउँदै संस्कृति, परम्परा, रीतिरिवाज जोगाउन सके मात्र हाम्रो परम्परा रहने र पर्यटकले रुचाउने उहाँको भनाइ थियो। हेटौंडा उपमहानगरपालिका अन्तर्राष्ट्रियस्तरसँग जोड्ने सोचमा रहेको लामाको भनाई छ ।

कार्यक्रममा वरिष्ठ पत्रकार प्रताप विष्टले फोटो प्रदर्शनीले पर्यटकीय क्षेत्रको विकासमा सहयोग पुग्ने बताउँदै हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका र भारतको पट्नाको पर्यटन प्रवर्धन गर्न आवश्यक रहेको बताउनुभयो । फोटो प्रदर्शनीले थाहा नगरपालिका मात्र नभई मकवानपुर जिल्लालाई नै पर्यटनसँगै संस्कृति बचाउने काम गर्ने उहाँको भनाई थियो । थाहा नगरमा आउने पर्यटकलाई माया गर्न जान्नु पर्ने बताउँदै विष्टले भन्नुभयो, “पर्यटकलाई सम्मान गरेमात्र पर्यटक आउँछन् ।” थाहा नगरपालिका ३ नम्बर वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाझीको अध्यक्षतामा फोटो प्रदर्शनी कार्यक्रमको उद्घाटन भएको हो ।

नेकपाले बुझायो ज्ञापनपत्र

समाज संवाददाता

हेटौंडा :नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले जिल्ला प्रशासन कार्यालय मकवानपुरमाज्ञापनपत्र बुझाएको छ । जनताका सामान्य कामकाज पालिकास्तरबाट नै उपलब्ध गराउनुपर्छ भन्ने माग राख्दै नेकपाले जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाएको हो ।

देशका सबै जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउने पार्टी केन्द्रको कार्ययोजना अनुसार नेकपा मकवानपुरले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा ज्ञापनपत्र बुझाएको हो । १० वर्षे जनयुद्ध र जनआन्दोलनले नेपालको राज्य संरचनामा परिवर्तन ल्याई एक हदसम्म जनताको आकांक्षा र मागलाई सम्बोधन गर्न खोजेको देखिएता पनि वास्तविक संघीयताको निर्माण र अभ्यास नभएको कुरा ज्ञापनपत्रमा उल्लेख गरिएको छ । दुर्गम हिमाली तथा पहाडी क्षेत्रका जनताले सहजरुपमा पालिकास्तरबाट पाउनुपर्ने सामान्य कामका लागि जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यता जस्ताको त्यस्तै रहेको ज्ञापनपत्रमार्फत् ध्यानाकर्षण गराइएको छ ।

नेपाल कम्युनिस्ट पार्टी मकवानपुर जिल्लाका तीन छुट्टाछुट्टै संरचनाका इन्चार्ज र सेक्रेटरीको हस्ताक्षरित ज्ञापनपत्रमा आगामी वर्षदेखि नागरिकका सामान्य तर अनिवार्य सबै कार्यहरु पालिकास्तरबाटै गराउनुपर्ने माग राखिएको छ । साथै, ज्ञापनपत्रमार्फत् सेवाग्राही जनताका लागि समय र आर्थिक हिसाबले खर्चिलो, कष्टकर र समस्यादायी सेवाप्रवाह स्थल तथा निकाय नबनाउनेबारे प्रधानमन्त्रीको विशेषरुपले ध्यानाकर्षण गराइको छ ।

हार्दिक बधाई

सुरेश श्रेष्ठ विकेशलाल श्रेष्ठ राजेश वाग्ले

प्रिय भाइहरु सुरेश श्रेष्ठ श्रमिक मावि पूर्वविद्यार्थी समाजको संयोजकमा, विकेशलाल श्रेष्ठ जेसीआई हेटौंडा वर्ष २०२४ को अध्यक्षमा, राजेश वाग्ले विश्व हिन्दु महासंघ हेटौंडा उपमहानगर समितिको अध्यक्षमा निर्वाचित हुनुभएकोमा तीनैजना युवा भाइहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

पार्वती गिरी/तुल्सी गिरी
सञ्चालक
एवम् सञ्जीवनी आयुर्वेद क्लिनिक परिवार
हेटौंडा-१, राप्तीरोड
०५७-५२४७५७

बकैया गाउँपालिकाको शैक्षिक अवलोकन भ्रमणको प्रतिवेदन

पुष्पा पुन (शिक्षिका)

मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका-५ मा रहेको सिद्धार्थ शिशु सदन माध्यमिक विद्यालयका कक्षा ६ मा अध्ययनरत छात्रा छात्रहरूले एक दिने शैक्षिक अवलोकन भ्रमण सम्पन गरे । विद्यालयका कक्षा ६ मा अध्ययत गर्ने ७९ जना विद्यार्थीहरु र ४ जना शिक्षकशिक्षिकाहरु सम्मिलित हाम्रो अध्ययन भ्रमण टोली २०८०/०८/१९ गते मंगलबारका दिन बिहानको करिब १०:४५ बजे मकवानपुर जिल्लाको बकैया गाउँपालिका-३ स्थित बकैया गाउँपालिकाको कार्यालयको अध्ययन भ्रमणका लागि प्रस्थान गऱ्यो ।

गाउँपालिकाको गठन प्रक्रिया, यसका काम, कर्तव्य र क्षेत्रको अध्ययन भ्रमण गर्ने उद्देश्यले करिब ५५ मिनेटको बस यात्रा पूरा गरी हामी बकैया गाउँपालिकाको कार्यालय पुगेका थियौं । चुरे पर्वत श्रेणी र यस आसपासमा अवस्थित बकैया गाउँपालिकाको मनोरम दृश्य अवलोकन गर्दै हामी बकैया गाउँपालिकाको कार्यालय परिसरमा पुग्यौं । हामी त्यहाँ पुग्दा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले आफ्नो कार्य व्यस्तताका बाबजुद पनि हामीलाई हार्दिकता साथ स्वागत गर्नुभयो । वहाँको हार्दिकतापूर्ण स्वागतले हामी निकै प्रभावित भयौ । अझ विद्यार्थीहरुले त वहाँलाई घेरा हालेर आफ्ना जिज्ञासाहरु राखे ।

गाउँपालिकाको संरचना सम्बन्धी छोटो अन्तरक्रिया पछि उहाँ बैठकका लागि बाहिरिनु भयो। त्यसपछि बकैया गाउँपालिकाका कृषि विज्ञ सचित रिजालले बकैया कृषि प्रदर्शनी केन्द्रको भ्रमण गराई बेमौसमी खेती कसरी गर्न सकिन्छ भन्ने बारे विद्यार्थीहरुलाई जानकारी दिनुभयो। यस क्रममा विद्यार्थीहरु निकै उत्सुक र जिज्ञासु देखिए । यस गाउँपालिका कार्यालयको अवलोकनमा सोही कार्यालयका आन्तरिक लेखा परीक्षक बलराम घिमिरे र शिक्षा अधिकृत आइतराम तामाङले विद्यार्थीहरुलाई सहजीकरण गरिदिनुभयो । विद्यार्थीहरुले कार्यालयका सम्पूर्ण कार्यकक्षको अवलोकन गरी कार्यकक्षमा कार्यरत अधिकृतसँग अन्तरक्रिया गर्नुभयो र गाउँपालिकाका उपाध्यक्ष भक्त बहादुर खत्रीले विद्यार्थीलाई आफ्नो कार्यकक्षमा राखी सौहार्द्धपूर्ण अन्तरक्रिया गर्नुभयो । त्यसपछि हामीले सोही कार्यालयमा रहेको पुस्तकालयको पनि अवलोकन गऱ्यौं र कार्यालयको सभाहलमा विद्यार्थीहरुलाई राखी भ्रमण प्रतिवेदन लेख्न लगायौं ।

अति उत्कृष्ट भ्रमण प्रतिवेदन लेख्ने विद्यार्थीहरुलाई क्रमशः प्रथम पुरस्कार कक्षा छका छात्रा सरगम राई, द्वितीय पुरस्कार विपुल राज चौधरी र तृतीय पुरस्कार रोशनी साहलाई प्रदान गऱ्यौं । त्यसपछि हाम्रो शैक्षिक अवलोकन भ्रमण टोलीले गाउँपालिकाका उपाध्यक्ष र आन्तरिक लेखा परीक्षकसँग तस्वीर कैद गरी त्यहाँबाट बिदा लियौं । दिनकको करिब २ बजे विद्यालयतर्फ प्रस्थान गऱ्यौं। विद्यालय फर्किने क्रममा बकैयाको चौरमा सम्पूर्ण विद्यार्थी तथा शिक्षक-शिक्षिकाले खाजा खायौं र करिब ३ बजेर ५५ मिनेटको समयमा हाम्रो भ्रमण टोली विद्यालय आइपुग्यौं। गाउँपालिका सम्बन्धी किताबी ज्ञान मात्र लिएका विद्यार्थीले प्रत्यक्ष रुपमा गाउँपालिकाको भ्रमण गर्दा उनीहरुले गाउँपालिकाका कुन शाखाबाट कस्ता कार्य सम्पादन हुन्छन् र कसरी सम्पादत गरिन्छ भन्ने कुराको जानकारी प्रत्यक्ष अनुभव गर्न पाउनुभयो। समग्रमा भन्नु पर्दा यो अवलोकन भ्रमण निकै प्रभावकारी रहयो । यस अवलोकन भ्रमणमा विद्यार्थीहरुलाई खाजा खुवाउँदा बस्ने सुकुल, चकटीको पनि व्यवस्था गर्दा अझै राम्रो हुने देखियो ।

सिद्धार्थ शिशु सदन मावि, हेटौंडा-५

मेरो देश नेपाल

आयाम सापकोटा

नेपाल सबैभन्दा ठुलो महादेश एसियाको दक्षिणमा पर्छ। पूर्व मेची नदि र पश्चिममा महाकाली नदिको बीचमा फैलिएको छ। नेपालको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत छ। बाँकी तीनै दिशामा भारतसँग सिमाना जोडिएको छ। नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर छ। चारैतिर जमिनले मात्रै घेरिएकाले नेपाललाई भुपरिवेष्टित मुलुक पनि भनिन्छ।

नेपाललाई प्राकृतिक रुपमा उत्तरबाट दक्षिणतर्फ हिमाल, पहाड र तराइ क्षेत्रको रुपमा विभाजन गर्न सकिन्छ। नेपालमा विभिन्न किसिमका जाति, भाषा, धर्म र पेशा मान्ने मानिसहरु छन्। हिमाली क्षेत्रमा मुख्य शेर्पा, सियार र डोल्पेली आदिको बसोबास रहेको छ। त्यहाँका मानिसहरु ल्योसार, बुद्ध पूर्णिमा जस्ता चाडपर्वहरु मनाउँछन्। पहाडी क्षेत्रमा मुख्य गरेर ब्राम्हण, क्षेत्री, नेवार, राउटे आदि जातीहरु बसोबास गर्छन्। यो क्षेत्रमा दँशै, तिहार, शिवरात्री जस्ता चाडपर्व मनाउँछन्। मुसहर, मुस्लिम, दलित, ब्राम्हण, क्षेत्री, राजपूत आदि तराई क्षेत्रमा बसोबास गर्छन्। हिन्दु समुदायले दशहरा, दिपावली, छठ पर्व मनाउँछन् भने मुस्लिमहरुले इद, रोजा, रमजान आदि पर्वहरु मनाउँछन्।

नेपाल जलस्रोतमा धनी देश मानिन्छ। यहाँ निरन्तर बगिरहने ठुला साना नदि नालाहरु छन्। यिनीहरु मध्ये सप्तगण्डकी, सप्तकोशी, कर्णाली, महाकाली, त्रिशुली, नारायणी, मर्स्याङ्दी आदि प्रमुख नदिहरु हुन्।

नेपालको सबैभन्दा लामो नदि कर्णाली हो। मेरो देश नेपाल प्राकृतिक र साँस्कृतिक रुपमा विश्वकै सुन्दर देश मध्ये एक हो।

कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल हेटौंडा-२



सुबोध खनाल

कक्षा-४, जेनिथ इन्टरनेशनल इंग्लिस स्कुल, हेटौंडा-५

गाउँखाने कथा

१. दिनभरि सुत्ने, रातभरि उठ्ने ।
- दाम्लो

२. आई बुद्धि मच्चिँदै, गई बुढी थचिँच्दै ।
- पिङ

३. आउँछ जान्छ पर्खिँदैन,कहिल्यै पनि फर्किँदैन ।
- समय

४. दुइवटा मान्छेको एउटै पटुका, लाउन पर्छ बीचमा मट्का ।
- आग्लो

५. आँखा छैन भूइतिर हेर्छ, निमोठ्यो बान्ता गर्छ ।
- कलधारा

जीवनको मोल



सरोजप्रसाद साह

जीवनको मोल याद आउँछ
जब फाँसी नजिक हुन्छ
आँखाको मोल याद आउँछ
जब आँखा कमजोर हुन्छ
बाबाको हात याद आउँछ
जब बाबाको साथ छुट्छ

त्यो बाबाको माया बुझेनौ,
अब किन तिमी रून्छौ
त्यो जीवनलाई किन बुझेनौ
अब किन तिमी रून्छौ
साथीको मोल याद आउँछ

जब साथीको साथ टुट्छ
जीवनको मोल याद आउँछ
जब फाँसी नजिक हुन्छ
तिमीले साथीको अर्थ जानेनौ,

तिमीले मायाको मोलै बुझेनौ
तिमीले बुझेर पनि बुझेनौ
पानीको मोल याद आउँछ
जब कोही प्यासले व्याकुल हुन्छ

साथीको मोल याद आउँछ
ज्ब साथीको साथ छुट्छ
जीवनको मोल याद आउँछ
जब फाँसी नजिक हुन्छ

नारी

सुमी थिङ

नारी हुन् देवी
आमा समाजसेवी
गरौँ नारीलाई सम्मान
म छैन नारीदेखि अन्जान

म पनि हुँ एक नारी ।
नारीलाई मनपर्ने सारी
कोही हुन्छन् अभागी
लान्छन् कसैले मागी

केही पनि म
उमेर नपुगेसम्म जान्न
झुठो कसम खान्न
राख्छु नारीको इज्जत

कक्षा-७, अमर मावि, हेटौंडा-1

चित्रकला



दिपासना थापा

कक्षाः- १०, जिएस निकेतन, हेटौंडा-५



समृद्धि श्रेष्ठ

कक्षा-२, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४



सुयोग श्रेष्ठ

कक्षा-४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४

तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए

sambridhasamaj@gmail.com

समृद्ध समाज राष्ट्रिय दैनिक

छोरा हो !

रोशन घलान

छोरा, हो !
रुन हुन्न भन्छन्
आँखामा आँसु देखाउन हुन्न भन्छन्
आशा हो
निरास पार्नु हुन्न भन्छन्
भविष्यको खम्बा हो
डगमगाउनु हुन्न भन्छन्
छोरा हो, रुन हुन्न भन्छन्

मनै त हो आत्तिन्छ नि
एक्लै त हो साथ खोज्छ नि
हारेको त छैन तर
हौसलाको आशा त गर्छ नि
मूर्ति त हैन नि नबोली बस्न
ढुङ्गा त होईन नचली बस्न

प्रश्न
त्यो सिरानीलाई सोध
कत्तिका रात तिमी नभिजी बस्यौ ?
प्रश्न
त्यो अँध्यारो कोठालाई सोध
कति दिन नआत्ती बितायौ ?
प्रश्न
यो मनलाई सोध
कत्ति चिन्ता मुक्त भएर सुत्यौ ?

अब
तिमा खोजीदेउ मेरो कारण
कि म किन नरोऊँ ?
मेरो व्यथा बुझिदेउ एकपटक
कि म किन नआत्तिऊँ ?
बाटो देखाईदेऊ
कि म किन नडराऊँ

अन्तत्
छोरा हो, रुन हुन्न भन्छन्
रुने कारण देखाउन हुन्न भन्छन्
आखाँमा आँसु देखाउन हुन्न भन्छन्
छोरा हो, रुन हुन्न भन्छन्
छोरा हो, रुन हुन्न भन्छन्

हेटौँडा-१०

दाग लाग्ला

रोशिका भट्टराई

नछोउ अब दाग लाग्ला
सम्हालेर हिँड बलात्कार होला

किन नारीहरू मात्रै बलात्कृत हुन्छन्
नारीहरू किन अन्याय र अहिंसा सहन्छन्
समाजले नै बलात्कार गर्छन्
दोष चाहिँ नारीहरूलाई लगाउँछन् ।

यो त गलत हो नि हजुर ।
नारीलाई त सम्मान पो गर्नुपर्छ
यो त उल्टो पो भएछ
मानिसहरूले त लगाउँछन् गलत नजर

नारीलाई सम्मान गर्नका लागि
सचेतना कार्यक्रम सञ्चालन गरौं
हामी लड्नुपर्‍यो लड्छौं
गरौं सम्मान दिदीबहिनी हो भनी ।

आमा जस्तै हुन् नारी
माया पनि गर्नुपर्छ
नारीलाई सम्मान गर्‍यो भने
अनि पो बन्छ सुन्दर नेपाल ।

कक्षा-७, अमर मावि, हेटौँडा-१

टुक्का कविता

कृष्णकुमार वैद्य

एउटाले ठड्याउँछ सालिक अर्कोले ढाल्छ,
भ्वाङ परेको छ एकातिर अर्कोतिर टाल्छ ।

कोहि बिरोध गर्‍या जस्तो दिउँसै राँको बाल्छ,
निभ्ला भनेर भक्तहरू आगोमा तेल हाल्छ ।

जति मच्चिन्छ उति थच्चिन्छ घमण्डले हार्छ,
दानापानी भर्छ भेडालाई मान्छे भोकै मार्छ ।

हिउँद महिना सबैलाई प्यारो लाग्छ घाम,
घाम पानी भन्न पाइन्न नसकुन्जेल काम ।

शहर भन्नु मात्र हो जतातते धुवाँ धुलो,
सित्तैमा छ प्रदुषण पाइन्न ओखतीमुलो ।

बनेपा ९, काभ्रे

आमाको दुःख

प्रतियुशा स्याङ्तान

आमाले गरेको यो कमाई
जान मनै छैन छोडेर उहाँलाई

बेला भयो झर्ने पानि र असिना
आमाले काम गर्नु हुन्छ झराई पसिना

मिहिनेतले गर्नेछु सधै भरी काम
यसपालि फैलाउँछु आमाको नाम

मलाई पढाउनु भयो गरेर दुःख
अब म दिन्छु आमालाई सुख

पढदै लेख्दै आएको
आमाले दुख पाएको

यसपालि गर्छु दुख पार
पढाई लेखाईलाई सबैले अघि सार

कक्षा-७, ज्ञानदा मावि, हेटौँडा-१०

मुक्तक

बिबिसा रुम्बा

१
मनभित्रको पिडाहरु आफ्नो भन्नेसगँ पोख्न पाए
दुःखहरु सबै भुलेर खुसीको लहरहरु देख्न पाए
कति आनन्द हुन्थ्यो होला यो मन खुसी र हर्षले
समयसंगै जीवन कथाहरु पन्ना पन्नामा लेख्न पाए

२ शत्रु पनि आखिर दुई दिनको मित्र बनिदिन्छन रे
व्यक्तिमा स्वार्थीपन राखेर असल छु भनिदिन्छन रे
हुँदाहुँदै एक पछि अर्को समय विस्तारै बित्दै जाँदा
अन्तिममा पिडाहरु भर्ने खाडलहरु खनिदिन्छन

आमा

ममता घिमिरे

कसरी भनुँ म मेरो भावना
सधैं खुसी हुनु मेरी आमा
जुनी-जुनी साथमा रहोस् सधैँ हजुरको छायाँ
हजुरको आशीर्वाद अनि अजम्बरी माया

गिटी बोकी नोकरी बसी खुवायौ पढायौ
दुःख कष्ट नमानी आमा हामीलाई बढायौ
कसको गाली कसको धोका सधैं बसायो
पीडा के हो भनी आमा अहिले बतायौ

अतितका सबै अप्ठ्यारा क्षण एक्लै रुँदै सहनुभयो हजुरले
तर पुछि दिनुभयो मेरा सबै आँशु पछ्यौरीले
भन्छन् सबै आमाबुबा भगवानसरी हुन्
मेरा पनि सपना बुन्ने उहाँहरू नै त हुन्

अङ्क अङ्क जोडी बन्छ हजार अनि लाखौं
हजुरको मायामा लाखौं वर्ष बाँचौ
खुसी हुनु आमा सपना पूरा गर्दैछु
कविता र गीतको साथमा आज हाँस्दै छु

भगवानले सधैँ हाँसो राखिदिउन् हजुरको हातमा
निदाउन पाउँ आमा हजुरको नै काखमा
हिमाल भन्दा निश्चल तपाईंको त्यो ममता
विशाल झैँ ठूला छन् तपाईंको संघर्षको क्षमता ।

कक्षा-९, महेन्द्र मावि, बकैया-४

देश विकास

यमुना श्रेष्ठ

दुई पाङ्ग्रा मिल्नुपर्छ
रेल गाडी गुड्नलाई
महिला र पुरुषको अधिकार समान हुनुपर्छ
देश विकास गर्नलाई ॥

पछाडिका दुई पाङ्ग्रा बराबर हुनुपर्छ
रेल गाडी गुडाउनलाई
समाजका भ्रष्टाचार जस्ता कुप्रथा हटाउनुपर्छ
समाज अघि बढाउनलाई ॥

सबैको हित गर्नुपर्छ
आफ्नो हित हुनलाई
प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्छ
देशको आर्थिक अवस्था वृद्धि गर्नलाई ॥

आफ्नो देशको संरक्षण गर्नुपर्छ
आफ्नो अस्तित्व जोगाउनलाई
आफ्नो देशको पर्यटकीयस्थल संरक्षण गर्नुपर्छ
आफ्नो देशमा पर्यटक भित्राउनलाई ॥

दोस्रो सेमेस्टर, फुड एण्ड डेरी टेक्नोलोजी,
त्रिभुवन मावि, हेटौँडा-११

साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

मेष राशिः पेशा वा व्यवसायका असजिला पक्षहरु निराकरण हुनेछन् । कारोबारबाट फाइदा बटुल्न सकिने छ । आपसी समन्वयबाट गरेको जुनसुकै कामहरु सफलतापूर्वक सम्पन्न होला । तर्क वितर्क, छलफल र पढाइ–लेखाइका क्षेत्रमा पनि राम्रो समय छ । ताकेको काममा सफलता प्राप्त होला । नोकरीबाट त्यति सन्तुष्टि नमिल्ला । मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न । सामाजिक र धार्मिक गतिविधिमा संलग्न भइने समय योग छ ।

वृष राशिः बहस, वादबिवाद वा चिन्तामूलक काममा समय व्यतित होला । वादबिवाद सुल्झाउँन सहयोग होला । प्रशासनिक र न्याय क्षेत्रका काममा सरिक भइने छ । आत्मबलमा समेत वृद्धि होला । घमण्ड र अहंकारको उदय होला । आत्मसंयमी र गम्भीर बन्ने प्रयास गर्नुपर्ला । कार्यक्षेत्रमा विभिन्न चुनौति र अप्ठ्यारा सुल्झाइएला । अपजस खप्नुपर्ने समय छ । धार्मिक तथा सामाजिक काममा सरिक भइने समय योग रहेको छ ।

मिथुन राशिः बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुने छ । सपना र कल्पनालाई व्यवहारमा उतार्न सकिने समय छ । अध्ययन, साधना र चिन्तनप्रति आकर्षित भइने समय छ । कार्यक्षेत्रबाट प्रशंसा बटुल्न सकिने छ । दीगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । बौद्धिक क्षेत्र, चिन्तन मनन र दार्शनिक विषयमा सक्रियता भइनेछ । प्राविधिक विषयमा आफ्नो क्षमता प्रदर्शन गर्ने समय छ । परिश्रमी र लगनशील बनिएला । धार्मिक यात्रा योग ।

कर्कट राशिः आवेगलाई नियन्त्रण गर्न नसक्नाले हानी होला । व्यवहारिक कारणले कारोबारमा बाधा । व्यापार–व्यवसायका कामहरुबाट लाभ प्राप्त हुनेछ । कार्यक्षेत्र र प्रशासनिक कामकाजमा व्यस्तता बढ्ला । घरपरिवारका लागि समय छुट्याउँनु पर्ला । झिनामसिना काममा नअल्मलिँदा राम्रो होला । काममा गोपनीयता बढाउँनुपर्ला । धार्मिक तथा सामाजिक अनि पढाइ–लेखाई काममा समय व्यतित होला ।

सिंह राशिः आत्मबल बढ्ने समय छ । प्रतिष्ठा प्राप्तिको समय रहेको देखिन्छ । शेयर कारोबारमा रुची बढ्ला । थोरै लगानीले पनि नाफा होला । विलासिताका वस्तुको खरिदमा समय व्यतित होला । आफन्त र मित्रवर्गको लागि धन र श्रम खर्चनु पर्ला । दाजुभाइको सल्लाहमा गरेको काम राम्रो होला । धनधान्य र प्रतिष्ठाका दृष्टिले राम्रो समय छ । सामाजिक तथा धार्मिक काममा सरिक भइने छ । प्राविधिक विषयमा अल्झनुपर्ला । पारिवारीक दायित्व बढ्ने छ । अध्ययनमा रुची जाग्ने समय छ ।

कन्या राशिः धन प्राप्तिको योग रहेको छ । नयाँ उद्यम र परियोजनामा रकम लगानी होला । व्यवसायिक क्षेत्रका काममा मन जाला । परीक्षा प्रतियोगिताका काममा सरिक भइने छ । दौडधूप र परिश्रम गर्नुपर्ला । तर्क, विवाद, र प्रतिस्पर्धाका काममा राम्रो सफलता प्राप्त होला । सामाजिक काममा सरिक भइने छ । भोगविलासमा समय व्यतित होला । पदप्रतिष्ठा अभिवृद्धि होला । पढाइ–लेखाइ ठिकै छ ।

तुला राशिः थोरै प्रयासले पनि लामो समयदेखि रोकिएको काम बन्नेछ । मनमा खुशी र आनन्दको पुर्नताजगी हुने समय छ । बाधा र अड्चन हराएर जाने छन् । लक्ष्य र प्रगतितर्फ उन्मुख बनिएला । मित्र र सहयोगीले सहायता गर्नेछन् । महत्वकांक्षा र अदम्य साहस बढ्ने समय छ । जागिरको लागि काम वा लाभ पुग्ने समय छ । सामाजिक र धार्मिक क्षेत्रका काममा मन जाने योग रहेको छ ।

वृश्चिक राशिः धनको मामिलामा उदासीन बनिएला । ठूला निर्णयहरु लिने समय छैन । व्यापार–व्यवसाय र कारोबारबाट त्यति लाभ नहोला । मन अस्थिर र काँतर बन्ने समय छ । पारिवारीक समस्या आइपर्ला । विश्वासको संकट आइपर्न सक्छ । मानसिक तनाव बढ्नाले मन विचलित होला । झै–झगडा र किचलोबाट टाढा बस्नुपर्ला । सामाजिक र धार्मिक काममा सरिक भइने समय छ ।

धनु राशिः चिताउँदै नचिताएको कुनै महत्वपूर्ण कार्य सिद्धि हुने समय छ । धार्मिक र पारम्परिक कामको दायित्व बढ्ने समय छ । रोकिएको काम अघि बढ्न सक्छ । चिताएको कामले तिव्रता लिने छ । बन्धुबान्धवहरुले काममा सहयोग पुर्‍याउँने छन् । मान्यजनको सुझाव ग्रहण गर्नु पर्ला । न्यायलयमा रोकिएको काम सम्पन्न होला । अध्ययन–अध्यापनका काममा सरिक भइने छ ।

मकर राशिः प्रतिष्ठा बढ्ने समय छ । मान्यजन र वृद्धवृद्धाको सेवा बढ्ने छ । भाग्यबल बढाउन सकिने समय योग छ । व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । वाणीप्रधान कार्यबाट लाभ होला । वैदेशिक योगका काममा सजगता अपनाउनु पर्ला । आध्यात्मिक र सामाजिक क्षेत्रबाट लाभ प्राप्त होला । दौडधूप र धपेडीमा समय बित्ला । क्षमता र सीपको मूल्यांकन होला ।

कुम्भ राशिः अरुका लागि समय व्यतित होला । मातापिताको सेवामा समय समर्पित हुनेछ । बिगतमा भएका कमीकमजोरी सच्याइने योग छ । आध्यात्मिक भावनाको विकास हुने समय छ । सामाजिक तथा परोपकारी काममा समय व्यतित होला । व्यापार–व्यवसाय मध्यमकारक छ । विदेशी प्रयोजनको काममा समय बित्ला । बौद्धिक र प्राशिक क्षेत्रका काममा सरिक भइने छ ।

मीन राशिः दिकदारी र चिडचिडेपन बढ्ने समय छ । शरीरमा थकान र अस्वस्थता बढ्ला । मनले नमानेको कामबाट टाढा रहँदा राम्रो रहन्छ । गुणस्तर सुधारका लागि समय बित्ला । कार्यक्षेत्रमा समय बित्नेछ । रिस्क र जोखिमका कामबाट टाढा बस्दा राम्रो रहला । धार्मिक–सामाजिक तथा परोपकारजन्य काममा सरिक भइने समय योग छ ।

मेरो देश

बिसलिना श्रेष्ठ

हामी फुलको कोपिला
भोलि फूल फुल्ने
त्यही फूलको सुवाशमा
भमरा नि झुल्ने ॥।

सानो सानो देश हाम्रो
तर ठुला ठुला मन
सबैलाई गर्नुपर्छ
मान र सम्मान ।

छोड्नु हुन्न दुश्मनलाई
हामी नै हो वीर
लड्नु पर्छ दुश्मनसँग
नझुकाई शिर ॥

लक्ष्मीप्रसाद देवकोटा हुन्
यो देशको कवि
यो झण्डामा अङ्कित छन्
सूर्य, चन्द्र र रवि ॥॥

गौतम बुद्ध जन्मिएको
यो देश हो हाम्रो
कति राम्रो फुलबारी छन्
सबै फुल राम्रो ॥॥।

फतुवा बिजयपुर-१०
दुधिअवा, रौतहट

सही तथ्याङ्क उपलब्ध गराउन आग्रह

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले राष्ट्र बैंकलाई सही तथ्याङ्क उपलब्ध गराउन आग्रह गर्नुभएको छ । शुक्रबार हेटौंडामा आयोजित आर्थिक गतिविधि अध्ययनसम्बन्धी गोष्ठीलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

उद्योग, कृषि र अन्य क्षेत्रले सही तथ्याङ्क दिएमा राष्ट्र बैंकलाई अध्ययन गर्न सहज हुने र मौद्रिक नीति पनि त्यही अनुसार बन्ने उहाँले बताउनुभयो । बैंक र व्यवसायी एकआपसका परिपूरक बन्नुपर्ने उहाँले बताउनुभएको छ । बैंकले उद्योग र कृषि क्षेत्रले अपेक्षा गरे अनुसारको कर्जा प्रवाह गर्न नसकिरहेको स्वीकार्नु हुँदै उहाँले आगामी दिनमा यसलाई थप अध्ययन गरेर अगाडि बढ्ने बताउनुभयो ।

नेपालको आर्थिक अवस्थाको स्थिति मध्यम नै रहेको उहाँको भनाइ छ । नेपालमा अहिले विस्तारै ठूला अनलाइन सञ्जालबाट वस्तुहरु किचबेच बढ्दा स्वदेशी उत्पादनको कम खपत भएको र आर्थिक कारोबारमा पनि केही कम भएको उहाँले बताउनुभयो । केही समय अघिको तुलनामा नेपालमा बैंक व्याजदर घट्न थालेको पनि उहाँले बताउनुभयो ।

गोष्ठीमा विभागका निर्देशक नारायणप्रसाद पोखरेलले निक्षेप तथा कर्जाको स्थितिबारे जानकारी गराउनुभयो । बागमती प्रदेशको कुल गार्हस्थ उत्पादन १९ खर्ब ५१ अर्ब रहेको उहाँले बताउनुभयो । यस आर्थिक वर्षको अन्त्यसम्ममा देशको कुल गार्हस्थ उत्पादनमा बागमती प्रदेशको ३६ प्रतिशत योगदान पुग्ने अनुमान रहेको उहाँले बताउनुभयो । नेपालको आर्थिक गतिविधिको आवश्यकता र विद्यमान ढाँचाबारे उहाँले जानकारी गराउनुभयो ।

अर्थतन्त्रमा अग्र सम्बन्ध हुने कृषि, उद्योग, पर्यटन र पूर्वाधारको यथार्थ अवस्थाको जानकारीले मौद्रिक नीति तर्जुमा गर्दा पृष्ठपोषणको काम गर्ने उहाँले बताउनुभयो । यस्तै, संघीय संरचना अनुसार कृषि, पशु, स्वास्थ्य, शिक्षाजस्ता सेवा कार्यालयहरुमा स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा आर्थिक गतिविधि अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सूचना संकलन गर्न सबै स्थानीय तहमा व्यावहारिकरुपमा कठिन भएको उहाँले बताउनुभयो । स्थानीय तहबाट प्रदेशमा तथ्याङ्क प्राप्त हुने व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न पनि गाह्रो भएको अवस्था रहेको उहाँले बताउनुभयो ।

उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागतराज प्याकुरेलले व्याजको सिलिङ हुनुपर्ने बताउनुभएको छ । उद्योगहरु घाटामा गएपनि बैंक भने कहिल्यै घाटामा नजाने बताउनुहुँदै उहाँले व्याजको सिलिङ गर्नुपर्ने बताउनुभयो । उहाँले देशमा बाहिरी सामानको आयात डरलाग्दो स्थिति रहेको बताउनुभयो । जसले गर्दा स्वदेशी उत्पादनको खपत कम र समाजमा स्वदेशी उत्पादनप्रति निराशा र नकारात्मक टिप्पणी हुन थालेको बताउनुभयो । औद्योगिक विकासबिना मुलुकको विकास नहुने बताउनुहुँदै उहाँले यसतर्फ सरकार र राष्ट्र बैंकले थप अध्ययन गर्नुपर्ने बताउनुभयो ।

मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्वल चौलागाईले व्यवसाय सञ्चालन गर्ने वातावरण बनाउने नीति ल्याउन आवश्यक रहेको बताउनुभएको छ। अहिले राष्ट्र बैंकबाट पनि सहुलियतपूर्ण ऋण समान ढङ्गले पाउन नसकेको बताउनुहुँदै उहाँले यसलाई सच्याउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

गढीमा अन्तरपालिका फुटसल हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको गढी गाउँपालिकामा यही पुस २८ गतेखदेखि चौथो संस्करणको अन्तर गाउँपालिकास्तरीय शहीद रुद्र पाखिन/बासुदेव घिमिरे स्मृति फुटसल प्रतियोगिता हुने भएको छ। शुक्रबार आयोजक समितिले पत्रकार सम्मेलन गर्दै पुस २८ गतेदेखि माघ १ गतेसम्म हुन लागेको प्रतियोगिताबारे जानकारी दिएको हो ।

प्रतियोगितामा २ वटा आयोजकसहित ११ वटा टिमको सहभागिता रहेको छ । पालिका खेलकुद विकास समितिले आयोजना गरेको प्रतियोगिताका लागि पालिकाबाट ४ लाख रुपैयाँ प्राप्त भएको छ। लिग चरणमा सञ्चालन हुने प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख २५ हजार रुपैयाँ र उपविजेता टिमले ७५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोकृष्ट गोल रक्षकले पनि रकम प्राप्त गर्नेछन् ।

प्रतियोगितामा ५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद भन्ने नाराका साथ पालिकाले ३ वर्षदेखि प्रतियोगिताको आयोजना गर्दै आएको छ। गत वर्षको प्रतियोगिता कैलाश गाउँपालिका उपविजेता रहेको थियो भने आयोजक उपविजेता बन्न सफल भएको थियो । प्रतियोगिताको उद्घाटन सामाजिक विकास मन्त्री कुमारी मोक्तानले गर्नुहुनेछ ।

सच्याईएको

मिति २०८० साल पुस २० गते शुक्रबारको समृद्ध समाज राष्ट्रिय दैनिकको पहिलो पृष्ठमा प्रकाशित "डा. अर्यालद्वारा पदमपोखरी अस्पतालमा सेवा सुरु" शीर्षकको समाचारमा १३ नम्बर वडा अध्यक्ष पेम्बा लामा हुनुपर्नेमा असावधानीवस अन्यथा भएकोले सच्याइएको छ । सम्पादक ।

ॐ आरोग्य सहकारीको ३ करोडभन्दा बढी कारोबार

समाज संवाददाता

हेटौंडाः ॐ आरोग्य उपभोक्ता सहकारीले ३ करोड रुपैयाँभन्दा बढी कारोबार गरेको छ। शुक्रबार सहकारीको ११ औं वार्षिक साधारणसभामा संस्थाका अध्यक्ष बीके महर्जनले आर्थिक वर्ष २०७९/०८० मा संस्थाको कारोबार ३ करोड ९ लाख ८७ पुगेको जानकारी गराउनुभयो ।

वि.स २०६९ मा १३७ जना शेयर सदस्यताबाट सुरु भएको संस्थाको शेयर सदस्य महिला ४३३ र पुरूष २२८ गरी जम्मा ६६१ रहेका छन् । संस्थाको शेयर पुँजी वृद्धिका लागि शेयर संरचनामा परिमार्जन गरी संस्थाको न्यूनतम शेयर संख्या ५० कित्ता र अधिकतम २५० कित्ता कायम गरी संस्थाको शेयर पुँजी ५६ लाख २९ हजार रुपैयाँ पुऱ्याइएको अध्यक्ष महर्जनले जानकारी गराउनुभयो ।

संस्थाको असार मसान्तसम्म २ करोड २९ लाख ११ हजार निक्षेप संकलन गरेको छ। ऋण परिचालन १ करोड ५२ हजार ५ सय रुपैयाँ रहेको छ। ३ करोड रुपैयाँ लगानी गर्ने लक्ष्य निर्धारण गरिएकोमा विश्व अर्थतन्त्रमा देखिएको आर्थिक मन्दीको प्रभावका कारण लक्ष्य प्राप्त गर्न नसकेको अध्यक्ष महर्जनले जानकारी दिनुभयो । पछिल्लो समयमा सहकारी क्षेत्रमा देखिएको बढ्दो अविश्वासका कारण बचत परिचालनमा नकारात्मक प्रभाव परेको उहाँको भनाइ छ ।

संस्थाले २ करोड ५५ लाख ४० हजार ऋण लगानी गरेकोमा ४१ लाख ४८ हजार व्याज आम्दानी गरेको छ । कार्मचारी खर्च १० लाख ६१ हजार, प्रशासनिक खर्च ४ लाख ६८ हजार भएको छ भने संस्थाले ८ लाख ३९ हजार खुद नाफा कमाएको छ। चालु आर्थिक वर्षमा संस्थाले शेयर तथा बचत नीति कार्यान्वयनमा कडाई, लगानी नीतिमा कडाई गर्ने उहाँले भन्नुभयो । संस्थाका अध्यक्ष महर्जनको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरापालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा कार्यक्रममा भएको हो । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ अध्यक्ष कल्पना श्रेष्ठ, हेटौंडा उपमहानगर पालिका सहकारी शाखा प्रमुह हिम पौडेल, पतञ्जली योग समिति जिलला अध्यक्ष रामकृष्ण थापालगायतको उपस्थिति रहेको थियो ।

आवश्यकता

सूचना प्रकाशित मितिः २०८०/०९/२१

मकवानपुर जिल्लाको बागमती गाउँपालिका-९, फर्सादमारस्थित राजदेवी आधारभूत विद्यालयका लागि करार सेवामा प्रारम्भिक बालविकास केन्द्र शिक्षक (सहजकर्ता) नियुक्तिका लागि गाउँपालिकाको कार्यालयको मिति २०८० पुस १८ गतेको निर्णयानुसारको अनुमति प्राप्त भएपछि विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार तपसील बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन कार्यालय समयभित्र दरखास्त आव्हान गरिन्छ ।

विज्ञापन नं.: ०१/०८०/०८१

पदः प्रारम्भिक बालविकास केन्द्र शिक्षक (सहजकर्ता)
शैक्षिक योग्यताः +२ उत्तीर्ण ।
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
आवेदन दस्तुरः १,०००/-
परीक्षाको किसिमः लिखित, मौखिक र प्रयोगात्मक ।
तलब सुविधाः प्रचलित सरकारी नियमानुसार ।
दरखास्त दिने अन्तिम मितिः २०८० माघ ७ गते
सम्पर्क मितिः २०८० माघ ८ गते ।
परीक्षा मितिः सम्पर्क मितिमा जानकारी गराइनेछ ।

आवश्यक कागजात

- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (२/२ प्रति), हस्तलिखित निवेदन ।

राजदेवी आधारभूत विद्यालय
बागमती गाउँपालिका-९, फर्सादमार, मकवानपुर
९८४२०८८४४७/९८६३२२४९८१

जनहीतमा जारी सन्देश
घटना दर्ता गरौं

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, बिवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु लगायतका घटनाहरु समयमै वडा कार्यालयमा उपस्थित भई घटना दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

उद्धव सत्याल
वडा अध्यक्ष तथा
१७ नम्बर वडा कार्यालय परिवार
हेटौंडा उपमहानगरपालिका

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

श्री वनदेवी आधारभूत विद्यालय

हेटौंडा-१५, मकवानपुर

शिक्षक आवश्यकता

प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०९/२० गते

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ, मकवानपुरको च.नं. ७८०, मिति २०८०/०९/२० र शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिका मकवानपुरको च.नं. ४१८६, मिति २०८०/०९/२० गतेको पत्रबाट शिक्षक पदपूर्ति अनुमति प्राप्त भई मिति २०८०/०९/२० गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित मितिले १५ दिन भित्र रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

तपशिल

क्र.स	विज्ञापन नं	तह	नियुक्तिको प्रकार	संख्या
१	०१/२०८०	प्रा.वि.	करार (राहत) दरबन्दी	१

उमेरः १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको
तलबः नेपाल सरकारको नियम अनुसार
आवश्यक शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट I.ED वा सो सरह उत्तीर्ण
परीक्षा दस्तुरः रु. १,०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र)
दरखास्त दिने अन्तिम मितिः २०८०/१०/०५ गते विद्यालय समयभित्र
सम्पर्क मितिः २०८०/१०/०७ गते
परीक्षा मितिः सम्पर्क मितिका दिन तोकिनेछ ।
परीक्षाको किसिमः लिखित र मौखिक, (आवश्यकता अनुसार कक्षा अवलोकन)
आवश्यक कागजातः नेपाली नागरिकता, स्थायी अध्यापन अनुमतिपत्र, शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरु नोटरी गरी २/२ प्रतिका साथमा हस्त लिखित निवेदन

नोटः शिक्षक सेवा आयोगको शिक्षक करार सूचीमा परेकाहरुको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको मितिले ७ (सात)दिन भित्र मात्र आवेदन दर्ता गरी नियुक्ति गरिने छ ।

अनुभवी र माथिल्लो योग्यता र प्रविधिमैत्री उम्मेद्वारलाई विशेष प्राथमिकता दिइनेछ ।

थप जानकारीका लागि
९८४५०२९३५२/९८४५०३३३८०
प्रधानाध्यापक/अध्यक्ष

हेटौंडा उपमहानगरपालिका
२ नम्बर वडा कार्यालयको सूचना

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गंभिर असर पार्ने गर्दछ । यसको अन्त्यका लागि सरोकारवालाहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

विष्णुगोपाल महर्जन
वडा अध्यक्ष तथा
२ नम्बर वडा कार्यालय परिवार

वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग – ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन,२०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी,बालुवा,सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन,सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

सुनिल मोक्तान
वडा अध्यक्ष तथा
१५ नम्बर वडा कार्यालय परिवार
हेटौंडा उपमहानगरपालिका